सिक्किम र आसामबाट एकैसाथ प्रकाशित

# हाम्रो प्रजाशक्ति

www.hamroprajashakti.com ■ AUGUST 23, 2015, SUNDAY, GANGTOK

# मेडिकामा ओंठको क्यान्सरको सफल उपचार

सिलगुडी, २२ अगस्त। केदारमान लिम्बू अहिले स्वस्थ छन्। तिनी अहिले डाक्टरहरूको सम्पर्कमा छन्। रेडिकल ब्राकीथेरापीद्वारा तिनी ओंठको क्यान्सर (लिप्स क्यान्सर)-बाट प्रायः निको भएका छन्, यद्यपि तिनको उपचार अहिले पनि चल्दैछ। अब उत्तर बंगालका क्यान्सरको बिरामीले इलाजका लागि देशका प्रमुख नगरहरू मुम्बई, भेल्लोर, कलकत्ता, हैदराबाद आदि ठाउँमा दौडिहाल्नुपर्ने अवस्था सकेको दाबी गरिएको छ। यहाँको मेडिका क्यान्सर अस्पतालमा धेरै दिनदेखि ओंठको क्यान्सर रोगले ग्रस्त इलाम, नेपाल निवासी ६५ वर्षीय केदारमान लिम्बूको डा.स्वप्नेन्दु बसु अनि डाक्टरहरूको एउटा दलले लामो उपचारपछि ब्राकीथेरापी पनि अपरेशन गर्‍यो जुन सफल भयो।

१३ अगस्तमा पहिलो पटक गरिएको ओंठको क्यान्सरको इन्टर्सीटिसियल इम्प्लान्टले क्षेत्रका त्यस्ता बिरामीहरू जो घरभित्रै छन् तिनीहरूको लागि पनि ठूलो राहत मिलेको छ। आज यसै बिषयलाई लिएर पत्रकार सम्मेलनको आयोजन गरियो जहाँ बिरामी लिम्बू पनि इलामदेखि आइपुगेका थिए। अहिले तिनको अवस्थामा धेरै सुधार आएको देखियो। पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै डा. बसुले यस्तो उपचार कलकत्ता पछि उत्तर बंगालमा यो नै पहिलोपटक यति ठूलो अपरेशन भएको बताए। यहाँ सिलगडी जर्नलिस्ट क्लबमा आयोजित पत्रकार सम्मेलनमा डा. बसुसँग मेडिकाका अन्य अधिकारीहरूको पनि उपस्थिति थियो। उक्त अस्पतालले उत्तर बंगाल, सिक्किम, भोटाङ तथा नेपालका क्यान्सररोगीहरूको लागि ठूलो सेवा पुऱ्याइरहेछ।